नेपाल सरकार
# उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय
सिंहदरबार, काठमाडौं

## प्रेस विज्ञप्ति
## मन्त्रालयस्तरीय समस्या समाधान समितिको बैठक तथा बार्षिक समिक्षा कार्यक्रम सम्पन्न

काठमाडौं, श्रावण २९ ।

उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालयले आज आ.व. २०७४/०७५ को मन्त्रालयस्तरीय समस्या समाधान समितिको बैठक (MDAC) तथा बार्षिक समिक्षा कार्यक्रम सम्पन्न गरेको छ । माननीय उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्री श्री मात्रिका प्रसाद यादवज्यूको अध्यक्षतामा भएको उक्त कार्यक्रममा राष्ट्रिय योजना आयोगका माननीय सदस्य (उद्योग हेर्ने), मन्त्रालयका सचिवज्यूहरु, सहसचिव तथा विभागिय प्रमुखहरु, सल्लाहकारज्यूहरु, संघिय मामिला तथा सामान्य प्रशासन मन्त्रालय, अर्थ मन्त्रालय र राष्ट्रिय योजना आयोगका प्रतिनिधी एवं मन्त्रालय अन्तर्गतका संस्थान/समिति/बोर्ड/केन्द्र/लिमिटेड कम्पनीका प्रमुखहरुको सहभागिता रहेको थियो ।

मन्त्रालयका सहसचिव विनोद प्रकाश सिंहले मन्त्रालय र अन्तर्गतका संस्थानहरुबाट आ.व. २०७४/०७५ मा सम्पन्न भएका कार्यहरु, त्यसबाट प्राप्त भएका उपलब्धी, देखा परेका समस्याहरु, समस्या समाधानका लागि गरिएका पहलहरु तथा भौतिक र वित्तिय प्रगतिको बारेमा प्रस्तुतिकरण गर्नु भएको उक्त कार्यक्रममा योजना आयोगका माननीय सदस्यज्यूले सरकारको आर्थिक समृद्धिको योजनालाई सार्थक तुल्याउन चालु योजना, बजेट र कार्यक्रमको आधारमा मन्त्रालयले कार्य सम्पन्न गर्नुपर्ने कुरा बताउनु भयो ।

उक्त कार्यक्रममा माननीय मन्त्री श्री मात्रिका प्रसाद यादवज्यूले परिवर्तित सन्दर्भमा जनताले अनुभुत गर्न सक्ने गरी काम गर्न, सबै पदाधिकारीहरु तथा कर्मचारीहरुले आ-आफ्नो जिम्मेवारी कुशलता पूर्वक निभाउन र जनतालाई छिटो, छरितो र प्रभावकारी ढंगले सेवा प्रवाह गर्न निर्देशन दिनुहुँदै आगामि आ.व.मा गत आ.व.मा भन्दा बढी भौतिक र वित्तिय प्रगति हासिल गर्नुपर्ने भएकोले सोही बमोजिम कामकाज गर्न आवश्यक रहेको बताउनु भयो । कार्यक्रममा उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय अन्तर्गतका निकायका प्रमुखहरुले आफ्नो निकायसँग सम्बन्धित जिज्ञासाहरुको जवाफ दिनु भएको थियो भने सचिवद्वय श्री चन्द्र कुमार घिमिरे र श्री याम कुमारी खतिवडाले बजेट कार्यक्रम र कार्ययोजना बमोजिम द्रुतगतिमा काम सम्पन्न गर्न निर्देशन दिनुभएको थियो ।

मितिः २०७५/०४/२९

(नवराज ढकाल)
सहसचिव एवं प्रबक्ता